# ८ सृष्टि तथा पर्यावरणप्रति परमेश्वरको चासो

*यस अध्यायको निम्ति पढ्नुहोस्:* रोमी १:२५, २ पत्रुस ३:१०-१४, उत्पत्ति २:१५, नेहमिया १३:१६-१९, हिब्रू १:३, भजन १००, उत्पत्ति १:२६-२८।

*स्मरण गर्नुपर्ने पद:* "परमेश्वरले मानिसलाई अदनको बँगैचामा राखिदिनुभयो। त्यस बँगैचामा काम गर्न र त्यसको हेरचाह गर्न उसलाई खटाउनुभएको थियो।" (उत्पत्ति २:१५ रूपान्तरित)।

मूल बिचारः येशूभक्त भएको हैशियतले वातावरण तथा पर्यावरणप्रति हाम्रो चासो कस्तो हुनुपर्दछ?

हामी बिशेष गरेर सेभेन्थ-डे एडभेन्टिस्ट येशूभक्तहरूको वातावरण तथा पर्यावरणप्रतिको धारणा हाम्रो कस्तो हुनुपर्दछ? यो पृथ्वी प्रदुषित छ। यो प्रदुषणताले निरन्तरता पाइनै रहनेछ र कुनै दिन आगोको ज्वालाले यो पृथ्वी भष्म हुनेछ भन्ने कुरा हामीलाई थाहा छ। "तर परमेश्वरको दिन चोर जस्तै गरेर आउनेछ। ठूलो गर्जनसाथ आकाशका नक्षत्रहरू गायब हुनेछन्। आगोले ती सबैलाई नाश गर्नेछ।(१ पत्रुस ३:१० रूपान्तरित)। उक्त सत्य वचनसाथ बाइबलको यो निर्देशन पनि छ, "तिनीहरूले (मानिसहरूले) पानीका माछाहरू र आकाशका चराहरूमाथि आधिपत्य जमाउनू। सारा पशु र सारा पृथ्वीमा तिनीहरूले शासन गरून्। जमिनमा हिँड्ने प्रत्येक जीवित वस्तुहरूमाथि तिनीहरूको अधिकार जमोस।" (उत्पत्ति १:२६ रूपान्तरित)। परमेश्वर आफैले मानिसलाई दिनुभएको जिम्मेवार र उत्तरदायित्वप्रति संवेदनशील भएर नै विश्वका कतिपय निकायहरूले यस पृथ्वीमा भइरहेका प्रदुषणप्रति गहिरो चिन्ता व्यक्त गरिरहेकाछन्। पृथ्वीमा भएका सबै जीवजन्तु, चाहे माछा होस्, चाहे चराहरू होस्, चाहे घर पालुवा जन्तुहरू होस् वा

स्वतन्त्र रूपमा हिँडिरहेका पशुहरू होस्, सबैलाई नै प्रदुषित वातावरणद्वारा हामीहरूले हानी पुऱ्याइरहेकाछौं।

यस पृथ्वी हाम्रो निम्ति परमेश्वरको बरदान हो। व्यवस्थित ढँगले यस बरदानलाई कसरी सम्हाल्ने, त्यो जिम्मेवारी हाम्रै काँधमा राखिदिएको छ। जब परमेश्वरले यस पृथ्वीलाई सृष्टि गर्नु भयो त्यसबेला त्यसको हालत अहिलेको जस्तो थिएन, बरू सृष्टि भइसकेपछि सतुंष्ट रूपले सास फेरेर उहाँले भन्नु भयो, “आहा यो अती सुन्दर छ! कति राम्रो छ!" परमेश्वर नै सृष्टिकर्ता हुनुहुन्छ भनेर बिषेश सन्देश बोकेका हामीहरूले (प्रकाश १४:६,७), उहाँको सृष्टिप्रति अत्यन्त गम्भिर हुनु अती आवश्यक छ।

सृष्टिसँग र त्यसप्रति कसरी उत्तरदायी हुने भन्ने केहि बिषयहरूलाई आधार बनाएर तयार गरिएको यस अध्याय हामीसँगै पढ्ने छौं।

## १. “लबस्टर बचाऊ" अभियान! (२ पत्रुस ३:१०-१४)

केहि वर्ष अगाडि एक जना बातावरणविज्ञ एउटा होटेल अर्थात् रेष्टुरेण्टमा पसे। त्यो होटेल बिषेश किसिमको थियो। त्यहाँ केवल समुद्रमा पाइन जीवहरूका परिकारहरू ख्वाइन्थ्यो। त्यस होटेलमा एउटा ठूलो ट्याँकी थियो। त्यहाँ अमेरिकाको मेन भन्ने राज्यबाट ल्याइएका छवटा लोब्स्टरहरू थिए। लोब्सटरहरू बिषेश प्रकारका समुद्री माछाहरू हुन् जसको हातखुट्टा र च्यापिने मुख हुन्छन्। त्यस ट्याँकमा भएका लोबस्टरहरू जीवितै थिए। शायद बेलुकीपख, त्यो होटेल बन्द गर्नुभन्दा ती लबस्टरहरू सखाप भइसकिन्थे। यदि कुनै ग्राहकले लबस्टर खान मनलाग्थे भने उसले चाहेको लबस्टर टिप्थ्यो। अनि केहि बेरमै त्यसलाई मारेर त्यसको परिकार बनाइन्थ्यो। आलु र चिजले छोपेर त्यसलाई ग्राहककहाँ ल्याइन्थ्यो।

त्यो बातावरणविज्ञा अर्थात् बातावरण बचाउन अभियानमा लागेका त्यस व्यक्तिले आफ्नो झोला लिएर लबस्टर राखेको ट्याँकमा

गए। त्यहाँ आफ्नो हात हाले जुन लवस्टर पायो त्यसैलाई लिएर आफ्नो झोलामा हाले, अनि त्यहाँबाट उनी सुईंकुच्चा ठोके। ती व्यक्तिले आफ्नो कारमा भएको टयाँकीमा त्यस लबस्टरलाई राखे अनि समुद्रको किनारमा उनी गए, एउटा हेलिकप्टरले उनलाई समुद्रको बीचमा लगे र त्यहाँ टयाँकीमा भएको लबस्टरलाई पानीमा छोडिदिए।

लबस्टर बचाउने अभियानमा उनी एकलै छैनन्। तपाईंले त्यसको वेबसाईटमा गएर हेर्न सक्नुहुन्छ। त्यहाँ "लबस्टर उद्धार गर्ने समूह" जसले मानिसको मुखबाट लबस्टरलाई छोडाएर बचाउने भन्ने कुरालाई छलफल गरिन्छ। त्यस वेवसाईटमा लबस्टरलाई कसरी पानीमा छोड्ने भन्ने तरिका पनि दिइएको छ। रेष्टुराँबाट लबस्टरलाई कसरी खोस्ने अनि त्यसलाई कसरी उद्धार गर्ने भन्ने तरिकाहरू कम्प्युटरको त्यस वेवसाईटमा सार्वजनिक गरेको छ।

यसरी नै एकजना अमेरिकाको फिल्मि नायिकाले टेलिभिजनमा एउटा प्रोग्राम देखाएकी थिइन्। लबस्टरलाई कसरी रेस्टुराँबाट चोर्ने र अनि त्यसलाई समुद्रमा छोडिदिने कार्यक्रम उनले देखाएकी थिइन्।

वातावरणप्रति गम्भिर हुनु राम्रो त छ। तर रेष्टुराँबाट लबस्टरलाई चोरेर, हेलिकप्टरको सहायताले समुद्रमा छोडिदिनुचाहिँ अति भएको देखिन्छ।

जे भएतापनि सारा इसाईहरू बिषेश गरेर सेभेन्थ-डे एडभेन्टिस्टहरूले वातावरणलाई बचाउन के गर्नुपर्दछ? येशू आउँदै हुनुहुन्छ। त्यसमा कुनै विवाद छैन। हामीले सुनाउने सन्देशको सारा सारांश यो नै हो कि यस संसारको अन्त हुन्छ। हामी सबैलाई थाहा भएको कुरो हो कि यस पृथ्वी असाध्य प्रदुषित छ, र यसरी यो सधैं रहिरहन्दैन। अनि यस्तो बिचारको शिलशीलामा यस पृथ्वीप्रति हाम्रो सरोकार कस्तो हुनुपर्दछ?

**२ पत्रुस ३:१०-१३, यशैया ५१:६, यशैया ६५:१७ र प्रकाश २१:१ पढ्नुहोस्। यस पृथ्वीको अन्त कसरी हुनेछ भनेर बाइबलले कसरी स्पष्टसँग हामीलाई जानकारी दिइएको छ? त्यस शिक्षाले**

**वातावरणसम्वन्धि हामीमा कस्तो प्रभाव पार्नुपर्दछ र वातावरणप्रति हाम्रो धारणा कस्तो हुनुपर्दछ? वा वातावरण वा पर्यावरणको संभ्भारप्रति हामी कठोर भएर नै बस्ने त?**

बाइबलको धारणा स्पष्ट छ। यस संसार, यस पृथ्वी सधैं यत्तिक्कै रहिरहन्दैन। परमेश्वरले यसलाई नाश गर्नुहुनेछ। अनि उहाँले पुनःसृष्टि गर्नुहुनेछ। उहाँले नयाँ स्वर्ग र नयाँ पृथ्वी बनाउनु हुनेछ। तर त्यसो भयो भन्दैमा यस वातावरणलाई दुरुपयोग गर्नु वा त्यसप्रति संवदेनशील नहुनु कुनै बहाना हुनुहुँदैन। हो, यस पृथ्वीलाई देवी मानेर वा वातावरण अर्थात् पर्यावरणलाई (पृथ्वीमा भएका जीवजन्तु तथा रुखबिरुवा आदि) भगवान मानेर पूजा गर्नु आवश्यक छैन। कतिले अति गर्दा हामीलाई हाँसो पनि उठ्न सक्छ। त्यसकारण वातावरणप्रति अतिबादी भएर अरूको हाँसो हामीले लिनु पनि आवश्यक छैन।

**रोमी १:२५मा भनिएको छः "तिनीहरूले परमेश्वरको सत्यतालाई झुटसँग साटे, अनि सनातन सृष्टिका परमधन्य जीवित परमेश्वरलाई त्यागेर सृष्टि गरिएका थोकहरूलाई देवीदेवता भनेर पूजा आजा र सेवा गरे।" सृष्टिप्रति हाम्रो धारणा र सरोकार कस्तो हुनुपर्दछ भनेर उपरोक्त पदले दिएको शिक्षालाई हामीले कसरी आत्मसात् गर्ने?**

## २. सृष्टिको हेरचाहप्रति वक्तव्य (हिब्रू १:३)

हामी सेभेन्थ-डे एडभेन्टिस्ट मतका इसाईहरूले वातावरण र पर्यावरणको बारेमा के सोच्दछौं? त्यस सम्वन्धी कार्यक्रममा हामी कसरी भाग लिने र फेरि त्यसैबखत सृष्टिको बारेमा संतुलित बिचारधारा कसरी राख्ने? सन् १९९५मा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चका उच्च पदाधिकारीहरूले देहायका आधिकारिक वक्तव्य निकालेका थिएः

"सारा मानव जात परमेश्वरको स्वरूपमा सृष्टि गरिएका हुन् भनेर सेभेन्थ-डे एडभेन्टिस्टहरूले विश्वास गर्दछन्। त्यसकारण प्राकृतिक वातावरणलाई हेरचाह गर्न तिनीहरूले आफ्ना जिम्मेवारी ठान्दछन्। त्यसको संरक्षणप्रति तिनीहरू बफादारी रहन्छन्। प्राकृतिक

संपदालाई उपलव्धिमूलक बनाएर हेरचाह गर्दा तिनीहरूले परमेश्वरको चरित्रलाई चित्रण गर्दछन्।

"दुर्भाग्यवस, बेइमान तथा स्वार्थी राजनैतिक क्रियाकलाप र लोभले लटपटिन्दा प्राकृतिक संरक्षणप्रति जिम्मेवार हुने मानिसहरूले यसलाई व्यवस्थित तरिकाले संरक्षण गर्न सकेको छैन। यस पृथ्वीका श्रोतहरूलाई नाश गर्न बढि से बढि मानिसहरू लागिरहेकाछन्। यसको नतिजाले जतातत‍ै दुःखकष्ट, वातावरणीय समस्याहरू र नकारात्मक मौसम् परिवर्तन भइरहेकाछन्। वैज्ञानिक अन्वेषण त जारी राख्नुपर्दछ, तर त्यसको नाउँमा बिध्वँसात्मक ग्याँसहरू उत्पादन भइरहेका छन्, सूर्य र पृथ्वीको बीचमा रहेका सुरक्षित पदार्थ अर्थात् ओजोन बिलय भइरहेको छ। अमेरिका (विश्वमै)मा जङ्गलहरू नाश भइरहेकाछन्। र साथै वातावरण र पर्यावरणलाई ग्रीनहाउस इफेक्ट अर्थात् अप्राकृतिक क्रियाकलापले गर्दा पृथ्वीलाई तताएर यसको वातावरणलाई तहस नहस पारिरहेकाछन्।

मानिसहरूमा स्वार्थता र जीवनमा असल थोकहरूप्रति झन झन लोभ बढेकोले प्रायजसो प्राकृतिक संपदालाई नाश गर्ने समस्याहरू खडा भइरहेकाछन्। यस सृष्टिलाई संरक्षण गर्न परमेश्वरले दिनुभएको जिम्मेवारीलाई असल, बुद्धिमानी र श्रद्धापूर्वक पालन गर्न मानिसहरूले नचाहेकै कारणले यो संकष्ट पृथ्वीले भोगिरहेको छ।

"सरल र स्वस्थ जीवनशैलि अपनाउने कुरामा सेभेन्थ-डे एडभेन्टिस्टहरूले समर्थन गर्दछ। प्राकृतिक श्रोतलाई खेर नफाल्न र दुरुपयोग नगर्न सेभेन्थ-डे एडभेन्टिस्टहरूको निति हो । परमेश्वरले सृष्टि गर्नुभएका सारा सृष्टिका श्रोतहरूलाई सुव्यवस्थित र बुद्धिमानपूर्वक प्रयोग गरून् भनेर सेभेन्थ-डे एडभेन्टिस्टहरूले आह्वान गर्दछन्। जीवनको निम्ति सृष्टि भएका ती प्राकृतिक संपदा आदरयोग्य छन्।"- जुन २९-जुलाई ८, १९९५मा नेदरलाण्डमा भएको जनरल कन्फरेन्सको आडकम अर्थात् मूल पदाधिकारीहरूको सहमतमा निकालिएको वक्तव्यबाट रूपान्तरित।

सेभेन्थ-डे एडभेन्टिस्टले निकालेको वक्तव्य बाइबलसम्मत छ भनेर देहायका केहि पदहरूले कसरी पुष्टि गर्दछन्? उत्पत्ति १:१,२६ उत्पत्ति ९:७, भजन २४:१, भजन १००, याकूब ५:१,२,४,५ र हिब्रू १:३।

यस पृथ्वी र यसमा भएका यावत असल थोकहरू परमेश्वरका बरदान हुन् भनेर हामी येशूका अनुयायीहरूले बिश्वास गर्दछौं। त्यसैकारण पृथ्वीका ती सम्पदाहरूलाई संरक्षण गर्न हामीले नेतृत्व प्रदान गर्नुपर्दछ। अरू मानिसहरू भन्दा यस बिषयमा हामीले बढि अग्रसरता देखाउनुपर्दछ। यदि तपाईंले यस पृथ्वी अचानक त्यसै आएको त हो नी भनेर बिश्वास गर्नुभयो भने, यो बहानाले केवल तपाईंको फायदाको निम्तिमात्र यस पृथ्वीलाई प्रयोग गर्ने मनस्थितिमा पारिदिन्छ। तर यस पृथ्वी परमेश्वरले सृष्टि गर्नुभयो र उहाँले नै यसलाई अड्याइरहनुभएको छ भन्ने ज्ञान हामीमा छ। यसको उचित व्यवस्थापनको निम्ति परमेश्वरले हामीलाई जिम्मेवारी दिनुभएको छ भन्ने कुरामा हामी अत्यन्त सचेत हुनुपर्दछ।

तपाईंको स्वार्थसिद्धले वातावरणलाई कसरि प्रभाव पारिरहेको छ? यस्तो खालको मनस्थिति किन गलत छ, "ल, म त केवल एक जनामात्र हुँ, त्यसकारण म जे गर्छु त्यसले के असर पार्दछ र?"

## ३. सृष्टिको स्याहार (मत्ती २२:३७-४०)

वातावरणलाई स्याहार गर्नुपर्छ भनेर बाइबलले खुलारूपमा छलफल गरेको पाइन्दैन, त्यसको साथै बाइबलमा धेरै यस्ता तत्कालिन र अहिलेका जल्दोबल्दो बिषय वस्तुहरू छन् जुन् खुलारूपमा छलफल गरिएका छैनन्। तर बाइबलले बारम्बार यस्ता महत्त्वपूर्ण नितिहरू प्रस्तुत गरेकाछन् जुन् जीवनको प्रत्येक पक्षहरूमा प्रयोग गर्नुपर्दछ। बातावरणप्रति संवेदनशील हुनु पनि यस भित्र पर्दछ।

**मत्ती २२:३७-४०मा येशूले एक दृष्टान्त भन्नुभएको छ। त्यसलाई गहिरिएर पढ्दा बातावरणप्रति हामीलाई चासो बढाउन सहायता**

**गर्न सक्दछ। त्यस कथामा आफ्नै भलोको निम्तिमात्र वातावरण अर्थात् खेतबालीको स्याहार गर्दा आफूलाई मात्र होइन अरूलाई पनि हानी हुन हुनसक्दछ भनेर देखाइएको छ। पढ्नुहोस्।**

आदमलाई यस पृथ्वीको संभार तथा सरक्षण गर्न परमेश्वरले जिम्मा लाइदिनुभएको थियो भनेर उत्पत्तिको पुस्तकमा हामी पढ्दछौं।

**उत्पत्ति ३:१५मा हामी यसरी पढ्छौं, "परमप्रभु परमेश्वरले मानिसलाई अदनको बँगैचामा राखिदिनुभयो। जमिनमा काम गर्न र त्यसको देखभाल गर्न परमेश्वरले त्यस मानिसलाई राख्नुभएको थियो (रूपान्तरित)।" यस पृथ्वीप्रति मानवजातीको जिम्मेवारी के रहेछ भनेर त्यस पदले कसरी देखाउँदछ?**

यहाँ कोसँग के सम्वन्ध छ भनेर देखाएको कुरा हेर्नुहोस्। परमेश्वरले सुन्दर वातावरण मानिसको निम्ति सृष्टि गर्नुभयो। यो पृथ्वी मानिसलाई बरदानस्वरूप दिइएको थियो। यस धर्तीलाई आदमले कसरी स्याहार गर्नुपर्छ भनेर दिएको निर्देशन पनि ध्यानपूर्वक पढ्नुहोस्। यसलाई खनजोत गरेर सुरक्षित राख्नुपर्दछ भनेर परमेश्वरले भन्नुभएको थियो। सरक्षण गर्नु भनेको हिब्रू शव्द एसएमआर (smr)बाट आएको हो। यसको अर्थ, स्याहार गर्नु, संरक्षण गर्नु, हेरचाह गर्नु, सुरक्षित राख्नु, संभार गर्नु आदि हुन्। त्यसकारण पापको प्रवेश गर्नुभन्दा अघि नै वातावरणको व्यवस्थापन गर्न आदमलाई परमेश्वरले अदनको बँगैचा सुम्पनु भएको थियो। त्यसको दुरुपयोग गर्न परमेश्वरले भन्नुभएको थिएन। आफ्नै स्वार्थपूर्तिको निम्ति वा त्यसलाई शोषण गर्न परमेश्वरले मानिसलाई यस धर्तीको जिम्मा लगाउनुभएको थिएन। बरू यसको हेरचाह गर्न, सरंक्षण गर्न र यसमा काम गर्न परमेश्वरले आदमलाई दिनुभएको थियो।

परमेश्वरको त्यो निति बदलियो भन्ने मनस्थिति निकाल्न कसको अधिकार छ त? यदि यस संसारमा पाप आउनुभन्दा अघि यस पृथ्वीको सम्पदालाई कसरी हेरचाह गर्नुपर्छ भनेर आदमलाई जिम्मा लगाइदिएको थियो भने, पापको कारणबाट ध्वस्त भएको यस पृथ्वीको असल

व्यवस्थापन गर्न झन कत्तिको महत्त्वपूर्ण छ, के यसप्रति हामी इसाई हौं भन्नेहरूले आँखा चिम्लेर बस्ने त?

तपाईंको वरिपरि रहेका वातावरणप्रति तपाईँ कत्तिको संवेदनशील हुनुहुन्छ? त्यसको कत्तिको वास्ता गर्नुहुन्छ? तपाईंको निम्ति वातावरण संरक्षण गर्ने धारणा कत्तिको महत्त्वपूर्ण छ, वा छैन? यस बिषयमा विश्वासीहरूबीच छलफल गर्नुहोस्।

## ४. सब्बथ र वातावरण (हितोपदेश २७:२०)

**"मृत्यु र चिहान कहिलै पनि संतुष्ट हुँदैन। मानिसले हेर्ने आँखा पनि कहिलै पनि संतुष्ट हुँदैन" (हितोपदेश २७:२० रूपान्तरित)। यस वचनमा अत्यन्त गहिरो सत्यता लुकेको छ। यसमा प्रकट भएको सत्यतामा वातावरणप्रतिको सकारात्मक धारणा र त्यसलाई दुरुपयोग गर्ने सोचाइ लुकेको के तपाँईले पाउनुभएको छ?**

"मानिसको लोभ र स्वार्थीपनाले गर्दा वातावरणको नाश भइरहेको छ" भनेर स्विकार गरेको चर्चको वक्तव्य हामीले अघि प्रस्तुत गरेका थियौं। अर्थात् मानिस कहिले पनि संतुष्ट भएको पाउँदैनौं र जहिले पनि आफूमा भएको थोकहरूमा थपिरहेको ऊ चाहन्छ। आफूले चाहेको कुरा केवल पृथ्वीबाटमात्र प्राप्त हुन्छ। हो, प्राकृतिक श्रोतलाई प्रयोग गर्ने आफै पनि समस्याको बिषय होइन। समस्या त के भने, मानिसमा जतिभएपनि नपुग्नु हो। के धनी मानिसले आफूलाई धन कमाउन पुग्यो भनेर कहिलै सुन्नु भएको छ?

यस्तो परिस्थितिमा पनि हामीलाई परमेश्वरले बिषेश बरदान दिनुभएको छ, त्यो हो सब्बथ।

**प्रस्थान २०:८-११ र नेहमियाह १३:१६-१९ पढ्नुहोस्। बिभिन्न मानिसहरूले ती पदहरूको बिषयमा बिभिन्नै थरिले सोच्न सक्दछन्। तर काम, पैसा कमाउने सुर्ता र आय आर्जन गर्ने कारोबार सब्बथमा रोक्नु र बिश्राम लिनु भनेर परमेश्वरले दिनुभएको निर्देशनले सृष्टिप्रति संवेदनशील हुन हामीलाई भनिएकोछ। चौबिस घण्टामा मानिने**

**सब्बथले हाम्रै हितको निम्ति वातावरणमा कसरी प्रभाव पार्न सक्दछ? (नेपालमा वन्ध भनेर हडताल आह्वान गरेको समयमा सहरी वातावरण स्वच्छ हुन गएको कसले महशूस गरेको छैन होला र?-अनुवादकको मन्तव्य)।**

परमेश्वरले संसारलाई सृष्टि गर्नुभएको थियो भनेर सब्बथले सम्झना गराउँछ। यो एक पक्ष हो। तर सृष्टिलाई कसरी हेरचाह गर्ने भन्ने पक्ष पनि सब्बथले हामीलाई सम्झाउँछ भन्ने तर्कलाई हामीले नकार्नुहुन्न। जीवनमा केवल पैसामात्र कमाउने होइन भनेर सब्बथको नितिले हामीलाई प्रभावकारीरूपमा सिकाउँदछ। कमसेकम हप्ताको एक दिन त पृथ्वीलाई हानी गर्ने बानीलाई रोक्नुपर्छ भनेर सब्बथको सन्देशले हामीलाई सम्झाइरहेको हुन्छ।

**लोभ र चाहनामा अंकुश लगाउन तपाईंको जीवनमा सब्बले कसरी सहायता गरिरहेको छ? पैसाको लोभमा परेर सब्बथको पालनालाई कतिपटक तपाईं लत्याउनुभएको छ?**

## ५. यस पृथ्वीलाई सम्हाल्ने हाम्रो जिम्मेवारी (उत्पत्ति १:२६,२८)

परमेश्वरले सृष्टि गर्नुभएको यस पृथ्वीलाई कसरी सम्हाल्ने भनेर दिनुभएको सब भन्दा पुरानो परमेश्वरको निर्देशन उत्पत्ति १:२६,२८मा पाउँदछौं। ती पदहरू प्रार्थना र ध्यानपूर्वक पढ्नुहोस्। सृष्टि र वातावरणप्रति हाम्रो सरोकार कस्तो हुनुपर्दछ भनेर सिकाएका ती पदहरूले हाम्रो सोचाइमा असर पार्नु जरुरी छ। ती पदहरू पढेर देहायका प्रश्नका जवाफहरू दिनुहोस्ः

**क. कतिसम्म यस पृथ्वी हाम्रो मातहतमा छ र हुनुपर्दछ?**

**ख. यस पृथ्वी र यसमा भएका सबै श्रोतहरूलाई हाम्रो क्रियाकलापद्वारा नियन्त्रण गर्नुपर्छ भन्नुको अर्थ के हो? यस परमेश्वरको सृष्टिको दुरुपयोग गर्न र प्रदुषित गर्न परमेश्वरले हामीलाई कुनै पनि निर्देशन दिनुभएको छैन भनेर ती पदहरूले हामीलाई कसरी देखाउँदछन्?**

ग. "फल्दै फुल्दै जाओ र यस पृथ्वीमा भर" भनेर परमेश्वरले मानिसहरूलाई उत्पत्ति १:२८मा निर्देशन दिनुभएको छ। हिब्रू शव्दमा भनिएको "पृथ्वी भर" भनेको यस पृथ्वीलाई कसरी सम्हाल्ने भन्ने अर्थले बुझाउँछ। यस पृथ्वीप्रति हामी कत्तिको संवदेनशील हुनुपर्छ भन्ने कुरा ती पदहरूमा लुकिएको के तपाईंले हेर्नसक्नुहुन्छ?

परमेश्वरको निर्देशन र उहाँले दिनुभएको अधिकार अनुसार यस पृथ्वीलाई मानिसले बसमा राख्नुपर्छ भन्ने कुरालाई कसैको दुईमत त छैन। तर ती पदहरू यस संसारमा पाप आउनुभन्दा अघि दिइएको थियो भन्ने सत्यतालाई पनि हामीले लुकाउनुहुन्न। त्यो समयमा मृत्यु, पाप र संकष्ट यस पृथ्वीमा प्रवेश गरेको थिएन। त्यसकारण, पृथ्वीलाई नियन्त्रणमा राख्नुपर्छ भन्नुको अर्थ यसलाई भयानक तरिकाले दुरुपयोग गर्नुपर्छ भनेर भनिएको छैन। किनकि पाप आउनुभन्दा अघिको संसारमा यस पृथ्वीको नाश वा दुरुपयोग हुने थिएन।

सैतानले यस पृथ्वीमा आफ्नो उपस्थिति भित्राएपछि यस संसारमा धेरै कुराहरूमा परिवर्तन भयोः मानिस मानिसको बीचमा र परमेश्वर र मानिसको बीचमा संवन्ध बिगारेर पाप ल्याइयो, संसारमा जलप्रलय भयो, सुन्दर रमणीय पर्यावरणमा शराप थपियो, मानिस र जन्तुको बीचमा डर थपियो (उत्पत्ति ३:१७-१९)। साधारणतया भन्ने हो भने पापले गर्दा सारा जीवित र नजीवित सृष्टि पतनतिर लाग्न थालेकोले यस संसारमा नकारात्मक आमूल परिवर्तन भइदियो। यद्यपि, कुनै पनि मानिसलाई यस पृथ्वीलाई नाश गर्न र दुरुपयोग गर्न माथिका पदहरूले अनुमति दिइएको पाइँदैन। वातावरण र पर्यावरणलाई तहसनहस गर्न मानिसलाई कुनै पनि बहाना दिएको छैन। उत्पत्ति १मा परमेश्वरले यस पृथ्वीलाई सम्हाल्ने अभिभारा हामीलाई दिनुभएको छ। उहाँले सृष्टि गर्नुभएकोले यसको हेरचाह गर्न उहाँले हामीलाई निर्देशन

दिनुभएको छ। पृथ्वीतिर हेरेर परमेश्वर आफैले उच्चारण गर्नुभएको, "आहा, यो धेरै असल छ"लाई बिगार्ने हाम्रो अधिकार छैन।

## उपसंहारः

**थप जानकारीः** "परमेश्वरको चरित्र सारा सृष्टिद्वारा सुरूमा देखाइएको थियो। खीष्ट आफैले आकाश फैलाउनुभएको थियो। उहाँले यस पृथ्वीको जग बसाल्नुभएको थियो। उहाँकै हातले यस पृथ्वी तथा नक्षत्रहरूलाई आकाशमा झुण्ड्याउनुभएको थियो। उहाँले नै जमिनका फूलहरू सृष्टि गर्नुभएको थियो। 'तपाईंको शक्तिले पहाडहरू सृष्टि गर्नुभयो।' 'सारा समुद्र उहाँकै (खीष्टकै) हुन् किनभने उहाँले नै बनाउनुभएको थियो' (भजन ६५:६, ९५:५ रूपान्तरित)। यस पृथ्वीमा सुन्दरताले भरिदिने येशू नै हुनुहुन्छ। पृथ्वीका वातावरणमा गीतहरू भरिदिने उहाँ नै हुनुहुन्छ। स्वच्छ हावामा, आकाशमा र यस पृथ्वीमा भएका यावत थोकहरूमा परमपिता सनातनका परमेश्वरको प्रेम येशूले नै कोर्नुभएको थियो।

"परमेश्वरको सिद्ध कामलाई पापले तहसनहस पारिदियो। तैपनि उहाँका हातले लेखेका प्रेमका वाणी मेटिएको छैन। अहिले पनि सारा सृष्टिले परमेश्वरको महिमा र यश गाउँदछन्। कोहि पनि जीव, केवल आत्मस्वार्थले भरिपूर भएका मानिस बाहेक, आफैको निम्ति जीएका हुँदैन। आकाशमा उड्ने चरादेखि जमिनमा चल्ने जन्तुसम्मले सबैलाई कुनै न कुनै रूपमा सहयोग पुऱ्याइरहेका हुन्छन्। जङ्गलका कुनै पातहरू होस् वा तुच्छ घाँसहरू नै किन नहोस् कुनै न कुनै रूपमा सृष्टिलाई सम्हाली रहेका हुन्छन्। प्रत्येक रूख, झार र पातले मानिसहरूलाई जीवन दिइरहेका हुन्छन्। तिनीहरूबिना न त मानिस न त पशु नै बाँच्न सक्दछन्। रूख, झारपातलाई सम्हालेर मानिसहरूले तिनीहरूप्रति कृतज्ञाता प्रकट गर्नुपर्दछ। मिठो बास्ना दिएर सौन्दर्य फूलहरूले यस धर्तीलाई आशिष दिइरहेकाछन्। हजारौं पृथ्वीहरूलाई खुशी पार्न सूर्यले आफ्नो प्रकाश दिइरहेको हुन्छ। समुद्र आफैले हामीलाई पानीका मुहान र झरणाहरू दिएका हुन्छन्। प्रत्येक जमिनको

खोलानालाबाट समुद्रले पानी लिएका हुन्छन्। तर जे आफूले लिन्छन् त्यो दिनको लागि नै लिएको हुन्छ। जमिनबाटै कुहिरो लाग्छ र पृथ्वीलाई भिजाउन पानी भएर पर्दछ जसले गर्दा फूलहरू उम्रन्छन् र फुल्दछन्।"-एलेन जी ह्वाइट, द डिजायर अभ एजेज्, पृ. २०,२१बाट रूपान्तरित।

**चिन्तनमनन:**

क. तेस्रो बुँदाको अन्तिम प्रश्नप्रति फेरि सोच्नुहोस्।

ख. कसैले तपाईंलाई यो भन्यो भने तपाईंले कसरी जवाफ दिने, "येशू छिट्टै आउँदै हुनुहुन्छ। त्यसकारण यस पृथ्वीका वातावरण तथा पर्यावरणप्रति मैले किन चिन्ता लिने?"

ग. हामी इसाईहरू भएको नाताले वातावरण संरक्षण पनि गर्ने तर त्यसप्रति अतिवादि पनि नहुन कसरी उचित संतुलित बानी बसाल्ने? फेरि वातावरणको नाउँमा राजनिती गर्ने अनेक समूहहरूप्रति हामी कसरी सजग हुने?

घ. वातावरण संरक्षणको निम्ति शाकाहारी खाना किन उपयुक्त छ भन्ने बिषयमा छानबिन गर्नुहोस्। यस बिषयमा सकेसम्म आफ्ना विश्वासी भाइबहिनीहरू बीच जागरण ल्याउने प्रयत्न गर्नुहोस्।

**सारांश:** यस पृथ्वीको अन्त्य हुने कुरोमा कसैको दुईमत छैन। यो संसार सधैं यत्तिकैमा रहिरहन्न। हो, येशूको आगमन छिट्टै हुन्छ भन्ने कुरामा हामी विश्वस्त छौं। उपरोक्त धारणाहरू सत्य छन्, तर ती धारणाहरू सत्य भए भन्दैमा यस पृथ्वीलाई दुरुपयोग गर्ने हाम्रो अधिकार छैन। यदि हामी येशूभक्त भनेर दावी गर्छौं भने, परमेश्वरले हाम्रो निम्ति सृष्टि गर्नुभएको यस संसारलाई सम्हाल्ने हाम्रो धर्म हो भनेर मान्नुपर्दछ।